# कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाडौ

## सूचना

<u>अन्तरिम **आदेश कार्यान्वयन सम्वन्धमा ।**</u>

प्रस्तुत विषयमा निवेदक/वादी अनेष्ट एडभाईजर प्रा.लि.का संचालक श्री रामबहादुर शाही विपक्षी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं समेत भएको मुद्दाः उत्प्रेषण (रिट नं. ०८१-WO-०९८२) मा सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश यस कार्यालयमा मिति २०८१/१२/२० मा प्राप्त भएको हुँदा सोही आदेश बमोजिम हुने गरी यस अघि कार्यालयबाट मिति २०८१/११/१९ जारी भएको सूचना नं.३ को छुट सुविधा पाउने नपाउने भन्ने सम्वन्धमा ठहरे बमोजिम हुने गरी हाललाई अनलाईन प्रणालीमा विवरण पेश गरेका तर जरिवाना रकम नबुझाएका कम्पनीहरुको हकमा सूचना नं. ३ तत्काल कार्यान्वयन नगर्नु नराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम (४९)(२)(क) बमोजिम अन्तरिम आदेश जारी भएकोले हाललाई सोही बमोजिम नै हुने भएको हुँदा सो व्यहोरा सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

२०८१/१२/२१

उप-रजिष्ट्रार

सर्वोच्च अदालतबाट
सक्कल बमोजिम नक्कल ...... सर्वोच्च अदालत
२०८१।१२।१३

सर्वोच्च अदालत
काठमाडौं

सर्वोच्च अदालत, संयुक्त इजलास
मानननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय
आदेश
०८१-WO-०९८२

मुद्दा:- उत्प्रेषण ।

अनेष्ट एडभाइजर प्रा.लि.का संचालक रामबहादुर शाही ...................................निवेदक

विरुद्ध

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौं समेत.........................................विपक्षी

यसमा अन्तरिम आदेशको छलफलको लागि पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री दिनेश त्रिपाठी, श्री गोपालकृष्ण घिमिरे र श्री विदुरकुमार ढुंगाना तथा विद्वान अधिवक्ताहरु श्री समबहादुर भट्ट, डा. श्री राजेन्द्र घिमिरे, श्री राममाया लामिछाने, श्री वालकृष्ण गैरे, श्री थम्मलाल शर्मा, श्री विष्णुभक्त भट्टराई, श्री भागिरथ दुलाल, श्री मातृका दुलाल, श्री सिताराम अधिकारी, श्री जीवन कुमार यादव, श्री विक्रम नगरकोटी, श्री संतोष दंगाल, श्री भीमसेन रायमाझी, श्री अरविन्द कुमार अधिकारी, डा. श्री शिवकुमार यादव, श्री राजिव वास्तोता, श्री तुलसीराम पोखरेल, श्री सन्तोष भण्डारी, श्री ध्रुवराज शर्मा, श्री वलराम सुवेदी, श्री राम पंडित, श्री मधु सेन, श्री भरतराज उपाध्याय र श्री कर्णराज अवस्थी तथा विपक्षीको तर्फबाट उपस्थित हुनु भएका विद्वान उप न्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइटेलले गर्न भएको वहस सुनियो।

कम्पनी ऐन, २०६३ को दफा ८१ को उपदफा (६) पछि उपदफा (७) थप थप गरी मिति २०८१।९।२९ मा जारी भएको सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशबाट दिइएको छुटको कार्यान्वयनका सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१।११।१९ मा जारी गरिएको छुट सुविधा प्रबन्ध सम्बन्धी सूचनाको नं. ३ मा उल्लिखित मिति २०८१।९।२९ गते अगावै अनलाइन प्रणालीमा विवरण बुझाएका कम्पनीहरूको हकमा पुरा जरिवाना रकम तिर्नु पर्ने छ भन्ने उल्लेख भएकोमा

यस्तो जरिवाना रकमको छुट २०८२ असार मसान्तसम्म रहेको देखिँदा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रकाशित मिति २०८१।११।१९ को सूचना नं. ३ बमोजिम मिति २०८१।९।२९ सम्म विवरण बुझाएका कम्पनीका हकमा सो सूचना बमोजिम छुट सुबिधा पाउने नपाउने सम्बन्धमा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो लागेका वखत ठहरे बमोजिम हुने गरी हाललाई अनलाइन प्रणालीमा विवरण पेश गरेका तर जरिवाना रकम नवुझाएका कम्पनीहरुको जरिवाना वापतको रकमको अस्थायी रेकर्डसम्म राखि सो सूचना नं. ३ तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। नियमानुसार पेश गर्नू।

न्यायाधीश

न्यायाधीश

इति संवत २०८१ साल चैत्र ४ गते रोज २ शुभम् ------------------------।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाडौं

मितिः २०८१/११/१९

## छुट सुबिधा प्रबन्ध सम्बन्धी सूचना

नेपाल राजपत्र (भाग २, खण्ड ७४, अतिरिक्ताङ्क ४८) मा प्रकाशित आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश मार्फत कम्पनी ऐन, २०६३ मा भएको संशोधन अनुरूप छुट/सुविधा सम्बन्धमा यस कार्यालयबाट मिति २०८१/१०/८ र २०८१/१०/३० मा प्रकाशित सूचनावाट व्यहोरा अवगत भएकै छ ।

उपर्युक्त सन्दर्भमा कानून बमोजिम बुझाउनुपर्ने विवरण, सूचना वा जानकारी अध्यादेश प्रारम्भ हुदाँका वखत कार्यालयमा बुझाउन वाँकी कम्पनीहरूले उक्त छुट सुविधा लिन इच्छुक भएमा कार्यालयको कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणाली मार्फत देहाय बमोजिम छुट सुविधा प्राप्त हुने प्रबन्ध मिलाईएको व्यहोरा मिति २०८१/११/१९ को निर्णयानुसार अनुरोध छ ।

१) बुझाउनु पर्ने विवरण, सूचना वा जानकारी अध्यादेश जारी मिति २०८१/९/२९ गते वा सो भन्दा पछाडि २०८२ असार मसान्तभित्र कार्यालयको अनलाइन प्रणालीमा बुझाइ सुविधा लिन ईच्छुक कम्पनीहरूलाई ढिला बुझाए बापत लाग्ने जरिवानामा नब्बे प्रतिशत छुट सुविधा प्राप्त हुनेछ ।

२) कम्पनी ऐनमा प्रत्येक वर्ष बुझाउनु पर्ने गरी तोकिएको विवरण प्रत्येक आर्थिक वर्षको अलग अलग बुझाउनु पर्नेछ, अन्यथा छुट निवेदन स्वीकार गरिने छैन ।

३) २०८१/९/२९ गतेभन्दा अगावै अनलाइन प्रणालीमा विवरण वुझाएका कम्पनीहरूका हकमा कम्पनीले पेश गर्दाका बखत प्रचलित कानून बमोजिम जरिवाना लाग्ने भएमा पूरा जरिवाना रकम तिर्नुपर्नेछ ।

४) छुट सुविधा लिनका लागि कार्यालयबाट मिति २०८१/१०/३० मा प्रकाशित सूचना बमोजिम कम्पनीका आधारभूत विवरण लगायत सूचनामा उल्लेखित सवै कार्यहरू सम्पन्न गरेको हुनुपर्नेछ ।

५) अध्यादेश द्वारा संशोधित दफा १३६(क) बमोजिम दर्ता खारेजीको छुट सुविधा लिन पूरा गर्नुपर्ने प्रकृयाका सम्बन्धमा यथाशिघ्र अर्को सूचना जारी गरी थप स्पष्ट पारिनेछ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

(देवी प्रसाद सुवेदी)

उपरजिष्ट्रार

मितिः २०८१/११/१९

फोनः ५३१५०७७ (रजिष्ट्रार), ५३६७२५६, ५३६३०८९

E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np